उपराष्ट्रपति

काठमाडौं, नेपाल

## ग्याल्पो ल्होसार,२१५३ को शुभकामना

ग्याल्पो ल्होसार, २१५३ को पावन अवसरमा देश तथा विदेशमा रहनु भएका शेर्पा समुदायका दिदीबहिनी तथा दाजुभाइहरु सहित सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नयाँ वर्षका रुपमा मनाईने यो पर्वले नयाँ आशा, उमङ्ग र उल्लास बोकेर समाजमा आपसी प्रेम, भाइचारा, सद्भाव र एकताको भावना अझ सबल बनाउन सहयोग पुग्ने विश्वास लिएको छु। यो पर्वले परिवार, मित्रता र समुदायबीचको सम्बन्धलाई थप घनिष्ठ बनाउँदै सहकार्य र समझदारीको वातावरण सृजना गर्दछ।

परम्परागत पोशाक, मौलिक नृत्य, भजन-किर्तन र सांस्कृतिक कार्यक्रमले हाम्रो विविधतायुक्त समाजलाई जीवन्त राख्ने कार्य यस पर्वले गर्दै आएको छ। ग्याल्पो ल्होसार, शेर्पा समुदायको मात्र पर्व नभई सम्पूर्ण नेपालीको साझा सांस्कृतिक सम्पदा हो, जसले बहुभाषा र बहुसंस्कृतिलाई सम्मान गर्दै राष्ट्रिय एकतालाई सुदृढ बनाउन सहयोग पुग्दछ।

यस अवसरमा गुम्बा दर्शन, धर्मगुरु र लामाबाट आशिर्वाद प्राप्त गर्ने परम्परा, विशेष परिकार खाप्से, डेशिल, गुथुक आदिको स्वाद लिनु र परिवारसँग मिलेर उल्लासपूर्वक समय बिताउनु नेपालीहरुको मौलिक पहिचान हो। यसले रैथाने संस्कृतिको जगेर्ना गर्दै कृषि उपजको महत्वलाई पनि उजागर गर्दछ।

**अन्त्यमा,** स्याब्रु नृत्य, तुङ्ना (डम्याङ) को मधुर धुन र सामूहिक उल्लासले ग्याल्पो ल्होसारलाई अझ अर्थपूर्ण बनाओस्। धार्मिक श्रद्धा, सामाजिक सद्भाव, सांस्कृतिक गौरव र राष्ट्रिय एकताको प्रतीक बनेर यो पर्वले देशलाई प्रगति, शान्ति र समृद्धिको मार्गमा अघि बढाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

२०८२ फागुन ०६ गते बुधबार।
ने.सं. ११४६ चिल्लाथ्व, प्रतिपदा।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति